# शुक्लाफाँटा नगरपालिकाको बजेट वक्तव्य-२०८३

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधानको धारा २३० मा व्यवस्था गरिए मुताविक प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरी पारित गराउनु पर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नु पर्ने प्रावधान अनुरुप यस गरिमामय नगर सभाको २२ औं अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । नगरबासीका विकास सम्बन्धी आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक बर्ष २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगरसभाको अधिबेशनमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

यस अवसरमा सर्वप्रथम म मुलुकको शासन प्रणाली र सामाजिक रुपान्तरणका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । साथै, जनआन्दोलनका क्रममा घाइते तथा बेपता नागरिक एवम् अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहान्छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्य निर्देशनका सिद्धान्त, नीति तथा दायित्व, सोह्रौ योजना, सुदूरपश्चिम सरकारको दोस्रो पञ्चबर्षिय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,

नगरपालिकाको चालु पञ्चवर्षिय योजना, मध्यकालीन खर्च संरचना, नगरपालिका बाट समय समयमा जारी भएका नीति तथा कार्यक्रम, नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम लगायत नेपाल सरकार सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई आधार लिइएको छ। बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समितिको राय, सल्लाह तथा सुझावलाई मार्गदर्शनको रुपमा लिई नीजि तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ तथा नगरबासी बाट प्राप्त  राय सुझावलाई समेत समावेश गरेको छु।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरुको कार्यकालको चौथो बजेट हो। यसको कार्यान्वयन बाट व्यवस्थित र आत्मनिर्भरता उन्मुख समृद्ध शुक्लाफाँटा बनाउने दीर्घकालीन सोच पुरा गर्नको लागि आम शुक्लाफाँटा बासीलाई स्व-प्रेरित भई सहकार्यका लागि प्रेरणा मिल्ने विश्वास लिएको छु।

प्रस्तुत बजेट तथा कार्यक्रमले नगरपालिकाको वित्त व्यवस्थापन, संस्थागत संरचना र मानव संसाधन विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने अपेक्षा गरेको छु । यसका साथै बजेटको कार्यान्वयन बाट दिगो र फराकिलो आर्थिक वृद्धि हासिल भई सामाजिक-सांस्कृतिक रुपान्तरण मार्फत स्वरोजगार र उद्यमशिलताका अवसरहरु प्राप्त हुने आशा लिएको छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आय र व्ययलाई सन्तुलित गरी समृद्धि तर्फको भविष्य र जनताको विकास प्रतिको आकांक्षालाइ सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजनका सिद्धान्तलाई आत्मसात गरेको छु। आर्थिक वर्ष २०८३/८४ को लागि यसै नगर सभा बाट स्वीकृत नीति तथा

कार्यक्रममा उल्लेखित प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय व्ययको संक्षिप्त विवरण जानकारी गराउने अनुमति चाहान्छु।

गत आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक स्रोतबाट रु २ करोड ५४ लाख ७४ हजार २ सय ८५ रुपैयाँ ३६ पैंसा, अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. ४६ करोड ७३ लाख ६७ हजार ६ सय ६४ रुपैयाँ ५ पैंसा, राजश्व बाँडफाँडबाट रु.११ करोड ७ लाख ३८ हजार ३ सय ६७ रुपैयाँ ७८ पैंसा र गत बर्षको मौज्दात रु.४ करोड ७७ लाख ५३ हजार ७२ रुपैयाँ १६ पैंसा गरी कुल आय रु.६८ करोड १३ लाख ३३ हजार ७ सय १६ रुपैंयाँ ३८ पैंसा भएको देखिन्छ। त्यसै गरी कुल व्यय तर्फ रु. ६६ करोड ६१ लाख १२ हजार ६ सय ८८ रुपैयाँ ६७ पैंसा मध्ये चालु तर्फ रु. ४० करोड ५७ लाख ६ हजार ३ सय ६ रुपैयाँ ६२ पैंसा पुँजिगत तर्फ रु. २६ करोड ४ लाख ६ हजार ३ सय ७८  रुपैयाँ ७५ पैंसा रहेको छ। कुल आय मध्ये संघ र प्रदेश सरकारलाई नियमानुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी बचत रकम रु. १ करोड ८८ लाख ३५ हजार ७ सय १६ रुपैंया ६४ पैंसा संचित कोषमा रहेको देखिन्छ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

अब म चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्त सम्मको यथार्थ आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

चालु आर्थिक वर्ष २०८२/८३ को प्रक्षेपित कुल आय रु. ६७ करोड ७८ लाख ५३ हजार ६ सय ३१ रुपैयाँ मध्ये जेठ मसान्त सम्म रु. ४८ करोड ७७ लाख ७५ हजार ६ सय ५२ रुपैयाँ ४३ पैंसा  प्राप्त भएको छ। जस मध्ये, आन्तरिक स्रोतबाट रु. १ करोड ५८ लाख १७ हजार ७ सय २ रुपैयाँ ७७ पैंसा अन्तरसरकारी वित्तिय हस्तान्तरण बाट रु.३६ करोड ३२ लाख १५ हजार ७ सय ८४ रुपैयाँ १३ पैंसा, राजश्व वाडफाँटबाट रु.१० करोड ८७ लाख ४२ हजार ४ सय ६५ रुपैयाँ ५३ पैंसा प्राप्त भएको छ।

त्यसैगरी, चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म  रु. ३८ करोड ४४लाख ३५ हजार ५ सय ७७ रुपैयाँ ७३ पैंसा खर्च भएको छ । जुन अनुमानित खर्चको ५४.६० प्रतिशत हुन जान्छ। जेठ मसान्त सम्म भएको कुल खर्च मध्ये  चालु तर्फ रु.  ३२ करोड ५० लाख ८० हजार ८ सय ११ रुपैयाँ १ पैंसा अर्थात ७२.२३ प्रतिशत खर्च भएको छ भने पुँजिगत तर्फ रु. ५ करोड ६३ लाख ५४ हजार ७ सय ६६ रुपैयाँ ७२ पैंसा अर्थात २३.७३ प्रतिशत खर्च भएको छ ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमती चाहान्छु।

चालु आर्थिक वर्षमा सुरुको प्रक्षेपित लक्ष्य मुताविक आय हुन सकेको छैन। आन्तरिक राजश्वबाट हुने आय, नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडमा

समेत संकुचन आएको छ। जसले गर्दा पूर्व निर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न समस्या सिर्जना भएको छ।

नगरपालिकाका रुपान्तरणकारी आयोजनामा स्रोत परिचालन गर्ने संस्थागत क्षमता विकास भई नसक्नु निश्चित समय निर्धारण गरी तोकिएका बहुवर्षिय आयोजनाहरुको निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न नहुँदा भुक्तानी दायित्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार थपिदै गएको छ। सीमित स्रोत साधनका बाबजुद प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन सकिएको छैन। नगरपालिकाको समग्र विकासका लागि शिक्षा,कृषि र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिईएको छ। बार्षिक नीति तथा कार्यक्रमलाई विषय क्षेत्रगत कार्यक्रमसंग अन्तरसम्बन्धित हुने गरी बजेट तर्जुमा गरिएको छ।

नगरपालिकाद्वारा नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम जुटाउनु पर्ने स्थिति रहेको छ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

माथि उल्लेखित चुनौतीलाई मनन गर्दै सरकारी, निजी, र सहकारी क्षेत्रको सहकार्य र सहयोगमा उपलब्ध सार्वजनिक स्रोत साधनको अत्यधिक परिचालन गर्दै नगरपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेको छु।

आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्धेश्यहरु :

**(क)** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत आवश्यकतामा नगरवासीहरुको सर्वसुलभ पहुँच स्थापित गर्ने ।

**(ख)** सरकारी, निजी, र सहकारी क्षेत्रसंग समन्वय र साझेदारी गर्दै कृषि तथा पशुपंक्षी, उधोग, उद्यमशिलता, रोजगारी, सामाजिक संरक्षण, वन तथा वातावरण र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने ।

**(ग)** गुणस्तरीय र दिगो पूर्वाधार निर्माण मार्फत नगरपालिकालाई समुन्नत नगरपालिकाको रुपमा विकास गर्ने ।

**(घ)** सार्वजनिक सेवा सुविधाको न्यायोचित वितरण तथा सचेतना मार्फत सुशासन अभिवृद्धि गर्दै नगरपालिकाबाट सम्पादित कार्यक्रमहरु पारदर्शी, व्यवस्थित, मितव्ययी र जवाफदेहीपूर्ण ढङ्गबाट सञ्चालन हुने व्यवस्था मिलाउने ।

**(ङ)** नगर क्षेत्रभित्र रहेका तालतलैया, खोलानाला, जग्गा लगायतका सार्वजनिक सम्पत्तिलाई संरक्षण गर्ने दिर्घकालीन उपयोग सुनिश्चित गर्ने ।

आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकताहरु :

**(क)**गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत आवश्यकतामा नगरवासीहरुको सर्वसुलभ पहुँच बढाउने,

**(ख)** कृषि, पशुपंक्षी, उद्योग र पर्यटन क्षेत्रको व्यवसायीकरण गर्ने,

**(ग)** दिगो पूर्वाधार विकास, सरसफाई तथा शहरी विकास गर्ने,

**(घ)** वन तथा वातावरण, भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण प्रवर्द्धन एवम् विकास गर्ने,

**(ङ)** मानव संसाधन विकास तथा संस्थागत सुशासन कायम गर्ने,

**(च)** आर्थिक रुपले विपन्न, अल्पसंख्यक तथा लक्षित वर्गको सशक्तिकरण गर्ने,

**(छ)** नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैरसरकारी निकायबीच नगरपालिकाको समुन्नतिका लागि साझेदारी गर्ने,

**(ज)** द्धन्द्ध पिडित महिलाहरुको व्यवस्थापन तथा महिला हरुको विकास गर्ने,

**(झ)** अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गर्ने,

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८३/८४ को बजेटले निर्धारण गरेका उद्धेश्य एवम् प्राथमिकता मुताविक कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेको छु ।

**(क)** वस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकिकरण सहित माग भई आएका आयोजनाबाट आयोजना बैंक तयार गरी उक्त बैंकमा सूचीकृत आयोजनाहरुलाई प्राथमिकता अनुसार क्रमश समेट्दै लगिनेछ ।

**(ख)** नगरपालिकाभित्र आयोजना सञ्चालन गर्दा बहुसंख्यक जनताले लाभ लिन सक्ने आयोजनामा लगानी गरिनेछ ।

**(ग)** अल्पसंख्यक समुदाय, जेष्ठ नागरिक, दलित, महिला, अपाङ्गता भएका नागरिक, आदिबासी/जनजाति, पिछडा वर्गहरुको हित, उन्नति र प्रगतिका लागि सकारात्मक विभेदको सिद्धान्त अवलम्वन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**(घ)** ठूला आयोजनाहरु, जस्तै; सडक, पार्क, पर्यटकीय पूर्वाधार विकासको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति लगायतका आवश्यक सवै तयारी पूरा गरेर मात्र बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

**(ङ)** बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गरिनेछ।

**(च)** आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ।

**(छ)** नगरपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह एवम् सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ।

**(ज)** नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाईनेछ।

**(झ)** फोहोरमैला व्यवस्थापनमा अन्तरपालिका समन्वय गरि दिगो व्यवस्थापन तर्फ कार्यक्रम संचालन गरिनेछ।

**(ञ)** बनहरा नदीमा नदिजन्य पदार्थ आवश्यक्ता भन्दा बढी थुप्रिन गई बर्षातको समयमा मानव वस्ती डुवानमा पर्ने सक्ने खतरालाई मध्यनजर गरी कृष्णपुर नगरपालिका संग संस्थागत समन्वयका माध्यमबाट नदीजन्य पदार्थको आवश्यक व्यबस्थापन गरिनेछ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

अव म आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आर्थिक वर्ष २०८३/८४ का लागि कुल आय रु. ६५ करोड ८४ लाख ४६ हजार रुपैयाँ हुने अनुमान गरिएको छ ।

कुल आयको श्रोतगत विवरण निम्न अनुसार रहेको छ ।

- आन्तरिक आय तर्फ रु. २ करोड ४२ लाख ८४ हजार,
- मालपोत बाट प्राप्त घरजग्गा रजिष्ट्रेशन शुल्क रू. ७३ लाख,
- संघीय सरकार राजश्व बाँडफाँडबाट रु. १३ करोड ५६ लाख ४६ हजार रुपैंया,
- प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. ५३ लाख ५६ हजार,
- नेपाल सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु. ४३ करोड ३६ लाख,
- प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु. ७ करोड ६६ लाख ६३ हजार,
- अनुमानित आन्तरिक आय अल्या रु. २ करोड,
- सडक बोर्डबाट रु. ५० लाख,
- सामाजिक सुरक्षा तथा संरक्षण रु. २५ करोड,

साथै कुल व्ययको क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ ।

- चालु खर्च तर्फ रु.७१ करोड ७२ लाख ४ हजार ८ सय ४३ रुपैयाँ २५ पैंसा,
- पुँजिगत खर्च तर्फ रु. २४ करोड १२ लाख ४४ हजार १ सय ५६ रुपैंयाँ ७५ पैंसा,

आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरि विनियोजन गरेको छु। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको व्यहोरा यस सम्मानित नगर सभा समक्ष जानकारी गराउन चाहान्छु।

**<u>क्षेत्रगत कार्यक्रम अन्तर्गत</u>**

१. आर्थिक विकास क्षेत्र तर्फ कुल बजेट मध्ये रु ६० लाख ५० हजार रुपैंयाँ विनियोजन गरेको छु, जुन कुल बजेटको ०.६४ प्रतिशत हुन आउछ ।

२. सामाजिक विकास तर्फ कुल बजेट मध्ये रू. ५६ करोड ६१ लाख १४ हजार ८ सय ४३ रुपैयाँ २५ पैंसा विनियोजन गरेको छु, जुन कुल बजेटको ६२.२० प्रतिशत हुन आउछ।

३. पूर्वाधार विकास तर्फ कुल बजेटको रू. २३ करोड ५ लाख ६४ हजार १ सय ५६ रुपैयाँ ७५ पैंसा विनियोजन गरेको छु, जुन कुल बजेटको २४.०६ प्रतिशत हुन आउछ।

४. सुशासन तथा अन्तरसंबन्धित क्षेत्र तर्फ कुल बजेट मध्ये रू. १६ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको ०.१७ प्रतिशत हुन आउछ।

५. कार्यालय सञ्चालन तर्फ कुल बजेट मध्ये रू. १२ करोड १० लाख ६० हजार विनियोजन गरेको छु, जुन कुल बजेटको १२.६३ प्रतिशत हुन आउछ ।

खर्च तर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण नगर सभाबाट पारित भै सके पछि सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ । व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब, सेवा सुविधाका साथै नगर बाट उपलब्ध हुने सेवा सुविधा समेत गरी कार्यरत सम्पूर्ण कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरिएको छ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुन बमोजिम सम्मानित नगर कार्यपालिकाको १६० औं बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाम्रा क्षेत्रगत विकास नीतिहरुलाई मुल आधारको रुपमा लिएको छु। हामीलाई उपलब्ध सिमित साधन स्रोतका कारण नगरबासीले टोलवस्तीबाट हुँदै वडास्तर बाट माग गरी पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामि आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा सम्बोधन गर्न नसक्ने हुँदा सम्बोधन हुन छुट भएका कार्यक्रमलाई पछि प्रकाशित हुने रातो किताबमा "आयोजना बैंक" का रुपमा प्रकाशित गरी क्रमश: कार्यान्वयन गर्दै लैजान पहल गरिने प्रतिबद्धता समेत यस सम्मानित नगर सभा समक्ष गर्दछु।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

अब म सम्मानित नगर सभा समक्ष माथि प्रस्तुत गरेको नगर पालिकाको गत वर्ष २०८१/८२ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८२/८३ संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगर सभामा छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु ।

त्यसैगरी, आगामि आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित आर्थिक विधेयक २०८३ का लागि प्रस्ताव गरिएको करका दरहरुको अनुमान र विनियोजन विधेयक २०८३ का लागि प्रस्ताव गरिएको प्रशासनिक र विकास खर्चको बाँडफाँडको अनुमान रू. ६५ करोड ८४ लाख ४६ हजार रुपैयाँ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव पेश गर्दछु ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि र नगर कार्यपालिकाको गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८२/८३ को खर्च समर्थनको लागि समेत पेश गर्दछु ।

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यहरु,

प्रस्तुत बजेटको कार्यान्वयनबाट नगरबासी नागरिकको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा वृद्धि हुनुका साथै भौतिक पुर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभुति हुने विश्वास लिएको छु ।

प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि अमुल्य राय, सुझाव दिनु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, सबै विषयगत समितिका संयोजकज्यू एवं सदस्यज्यूहरु,  लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनुहुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, आगामि आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरु साझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह, राजनीतिक दल, सम्पूर्ण वुद्धिजीवी एवं प्रबुद्ध वर्गहरु, आम नगरबासी आमा बुबा, दाजु भाई दिदी बहिनीहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, सञ्चार जगत, नागरिक समाज, नगरपालिकाका सम्पूर्ण कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघ संस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद् !

आषाढ, ८

सोमबार,२०८३ साल

कल्पना कुमारी जोशी पन्त

नगर उप-प्रमुख